## प्रजनन् तथा यौनिकताको अधिकार किन चाहिन्छ ?

प्रजनन् तथा यौनिकताको अधिकार महिलाको सम्पूर्ण जीवन तथा महिलाको विविध अधिकारसँग प्रत्यक्ष र परोक्ष रूपमा अत्यन्त निकट सम्बन्ध रहेको हुन्छ । तसर्थ देहायका अधिकारहरूलाई सुनिश्चित गर्न महिलाको प्रजनन् तथा यौनिकताको अधिकार हुनु आवश्यक छ ।

- प्रजनन् तथा यौनिकताको अधिकारमा महिलाको आत्मनिर्णयको अधिकारलाई स्थापित गर्न,
- बच्चाको संख्या र जन्मान्तर निर्धारण गर्ने तथा सन्तानको जन्म दिने वा नदिने विषयको निर्णयमा महिलाको भूमिकालाई स्थापित गर्न,
- जबरजस्ती हिंसा र भेदभाव विना नै स्वतन्त्र र जवाफदेहीपूर्ण यौन सम्बन्धलाई सुनिश्चित गर्न,
- प्रजनन् चक्रसँग सम्बन्धित सुरक्षित यौन सम्बन्ध, आपतकालिन गर्भनिरोधक सामानहरूको सहज उपलब्धता, प्रसूति पूर्व र पश्चात्को स्याहार एवम् सुलभ स्वास्थ्य उपचारको सुनिश्चितता, बाँझोपनका उपचार लगायतका अधिकारहरूको सुनिश्चित गर्न,
- महिलाविरूद्धका सबै किसिमका यौन दुर्व्यवहार र यौन हिंसालाई रोक्न ।

### प्रजनन् तथा यौनिकताको अधिकारसँग सम्बन्धित महत्वपूर्ण दश सूचकहरू

- **महिलाको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार**
- **स्वास्थ्य, प्रजनन् स्वास्थ्य र परिवार नियोजनको अधिकार**
- **बच्चाको संख्या र जन्मान्तरको निर्धारण गर्ने अधिकार**
- **सहमतिपूर्ण विवाह र विवाहमा समान अधिकार**
- **गोपनियताको अधिकार**
- **कुनै विशेष आधारमा गरिने भेदभावविरुद्धको अधिकार**
- **महिला तथा बालबालिकालाई असर पुर्‍याउने किसिमका व्यवहारविरुद्धको अधिकार**
- **क्रूर यातना, अमानवीय एवं अपमानजनक व्यवहारविरुद्धको अधिकार**
- **यौन हिंसाविरुद्धको अधिकार**
- **वैज्ञानिक प्रगतिको उपभोग र वैज्ञानिक परीक्षणका लागि सहमतिको अधिकार**



## प्रजनन् अधिकारसम्बन्धी विभिन्न देशमा भएको संवैधानिक व्यवस्थाहरू*

**कोलम्बिया:**

- महिला र पुरूषलाई स्वतन्त्रतापूर्वक बच्चाको संख्या निर्धारण गर्ने अधिकार हुनेछ *(धारा ४२)* ।
- गर्भवती भएकै कारणले महिलालाई भेदभाव गर्न नपाइने र बच्चा जन्मपश्चात यदि महिला बेरोजगार छिन भने उनिलाई राज्यद्वारा विशेष संरक्षण र सहयोग एंव खाद्य सामाग्रीमा सहुलियत दरमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ *(धारा ४३)* ।

**इक्वेडर**

- राज्यले विशेषगरी कामको अवस्थामा सुधार ल्याउनको लागि कार्यस्थल र प्रजनन् अधिकारको सम्बन्धमा अनुगमन गर्नेछ साथै अनौपचारिक क्षेत्रमा कार्यरत गर्भवती महिलालाई सामाजिक सुरक्षाको प्रत्याभुति दिनेछ *(धारा ३६)* ।
- बच्चाको संख्या निर्धारणको अधिकार तथा बच्चा जन्माउने वा ग्रहण गर्ने लगायतका विषयको निर्णय गर्ने अधिकार *(धारा ३९)*
- "राज्यले महिला र बालबालिकाको पौष्टिक आहारसम्बन्धी शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्यमा जोड दिंदै जीवन र स्वास्थ्यको संस्कृतिलाई प्रोत्साहन गर्नेछ *(धारा ४३)*

**सर्विया:**

"प्रत्येक व्यक्तिमा बच्चा जन्माउने र नजन्माउने भन्ने कुराको निर्णय गर्ने अधिकार हुने र राज्यले प्रत्येक अभिभावकलाई बच्चा जन्माउने र सहयोग गर्ने विषयलाई प्रोत्साहन गर्नेछ" (धारा ६३)

**दक्षिण अफ्रिका:**

- दक्षिण अफ्रिकाको संविधानलाई संसारको सबैभन्दा बढी प्रगतीशिल र प्रजातान्त्रिक संविधानको रूपमा लिइन्छ । यस संविधानको समानतासम्बन्धी धारा .... लिङ्ग, गर्भावस्था, उमेर, वैवाहिक स्थिति ... को आधारमा राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पक्षपातपूर्ण भेदभाव गर्ने छैन *(धारा ९)* ।
- प्रत्येक व्यक्तिमा शारीरिक तथा मानसिक पूर्णताको अधिकार हुन्छ । यस भित्र प्रजनन् सम्बन्धी निर्णय गर्ने अधिकार हरेकले आफ्नो शरीर माथिको नियन्त्रण र सुरक्षा गर्ने अधिकार निजका सहमति बिना वैज्ञानिक तथा चिकित्सकीय परिक्षण विरूद्धको अधिकार" हुने कुराको उल्लेख गरेको छ *(धारा १२(२)* ।

*(* प्रजनन अधिकार केन्द्र (CRR) द्वारा प्राप्त स्रोतलाई नेपालीमा अनुवाद गरिएको हो)*

**प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विषयमा सेवा प्रदान गर्दा महिलाको पूर्व सहमति लिनुपर्ने**

सिजेरियन शल्यक्रियाको लागि मागिएको सहमतिले स्थायी बन्ध्याकरण विषयलाई समेट्न सक्दैन । प्रजनन् स्वास्थ्यसँग जोडिएको विषयमा सम्बन्धित महिलाको स्वतन्त्र सहमति आवश्यक हुने भनी महिला महासन्धि समितिले निर्णय गरेको छ ।

*(एयस विरूद्ध हंगेरी, महिला महासन्धि समिति)* ।

## नेपालको संवैधानिक इतिहासमा : प्रजनन् अधिकार

**नेपालको वैधानिक कानुन २००४**

वैधानिक कानुन २००४ राणा शासनको अन्त्यतिर जारी गरिएको थियो । निरकुंश राणा शासनको अन्त्यमा महिलाको प्रजनन् स्वास्थ्यको अधिकार स्पष्ट उल्लेख हुने कुरा आशासम्म गर्न नसकिने स्थिति थियो । यस वैधानिक कानुनमा कानुनका अगाडि समानता एवं व्यक्तिगत स्वतन्त्रताको हकको व्यवस्था गरेको देखिन्छ ।

**नेपालको अन्तरिम विधान, २००७**

नेपालको अन्तरिम विधान, २००७ मा समानताको अधिकार सुनिश्चित गर्दै रोजगारीको अवसरमा समानता, सामाजिक न्याय सम्बन्धी योजना तथा कुनै पनि किसिमको नियुक्तिमा विभेद नगरिने जस्ता संवैधानिक व्यवस्था गरिएको थियो ।

धारा ७ मा प्रसूति सहायताको निमित्त सहयोग सम्बन्धी व्यवस्था उल्लेखित गरेको देखिन्छ । यसैगरी धारा १४(२) मा महिला तथा बालबालिकाको लागि राज्यले विशेष व्यवस्था अवलम्बन गर्न सक्ने व्यवस्था गरेको देखिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

यस संविधानमा समानता, स्वतन्त्रता जस्ता नागरिक तथा राजनीतिक हकहरूको प्रत्याभुत गरिए तापनि नेपालको अन्तरिम विधान २००७ मा रहेको महिलाको प्रजनन् अधिकारका सम्बन्धमा गरिएको व्यवस्थासमेत उल्लेख भएको पाइँदैन ।

**नेपालको संविधान, २०१९**

यस संविधानमा विभिन्न मौलिक हकको व्यवस्था गरिए तापनि न्यायिक पुनरावलोकनको व्यवस्था नभएकोले ती मौलिक हकहरूको संवैधानिक प्रत्याभुत भएको पाइदैन । तथापि यस संविधानमा समानताको हक कानुनको समान संरक्षण जस्ता आधारभुत समानताको अधिकारको व्यवस्था गरेको पाइन्छ । सोही संविधानको धारा १७(२)(च) मा महिला र बालबालिकाको संरक्षणको लागि विष व्यवस्था गर्न सक्ने उल्लेखित गरेको पाइन्छ ।

अवस्थामा भएको जबरजस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियत समेतलाई विचार गरी समष्टिगत रूपले न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गर्नु" भन्ने निर्देशनात्मक आदेश जारी गरेको थियो ।

*अधिवक्ता मीरा ढुंगाना विरूद्ध श्री ५ को सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, मानव अधिकारसम्बन्धी फैसलाहरूको प्रकाशन, विशेषांक २०५९, सर्वोच्च अदालत*

**पेशाकै आधारमा फरक फरक किसिमको दण्ड सजाँयको व्यवस्था गर्न नमिल्ने**

कानूनमा भएको वेश्याविरूद्ध जबरजस्ती करणी गर्ने अपराधीलाई कम सजाँय गर्ने प्रावधानबाट वेश्याहरूलाई विना उचित आधार तल्लो दर्जाको महिलाको रूपमा राखि भेदभाव गरेको देखिन आउँछ ।

समान प्रकारको कसुर गर्ने अपराधीलाई पीडितको चरित्र र पेशालाई आधार मानी कम र बढी सजाँय गर्ने कानूनी व्यवस्था भेदभावपूर्ण छ । तसर्थ मुलुकी ऐन, ज.क.को ७ नं. को व्यवस्था महिला-महिलाहरूबीच मै भेदभाव एवम् असमान भएको हुँदा अमान्य र बदरघोषित हुने ठहर्छ ।

*अधिवक्ता सपना प्रधान मल्ल विरूद्ध श्री ५ को सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतमानव अधिकारसम्बन्धी फैसलाहरूको प्रकाशन, विशेषांक २०५९, सर्वोच्च अदालत*

**बाँझोपन सम्बन्ध बिच्छेदको आधार हुन नसक्ने**

नपुंसकता र निसन्तान वा बाझोपन शब्द एउटै नभई फरक फरक अवस्था र अर्थबोध दिने शब्द हुन्...... लोग्ने वा स्वास्नी मानिस दुवैमा हुन सक्ने सन्तान उत्पादन गर्ने क्षमता केवल स्वास्नी मानिससँग मात्र हुन्छ, लोग्ने मानिसमा हुँदैन भन्ने आशय आउने प्रकृतिको कानून निर्माण गरी लागू गर्नु निश्चय नै संवैधानिक



- बच्चाको संख्या तथा बच्चाको जन्मान्तरको निर्धारण सम्बन्धमा महिलाको निर्णय भूमिकाको विषय,
- प्रसुती पूर्व र पश्चात् महिलालाई आवश्यक स्याहार सुसार हेरचाह गरिब महिलाको लागि पर्याप्त भोजन तथा सन्तुलित आहारका लागि सरकारद्वारा व्यवस्था गरिने प्रत्याभुति,
- अविभेदको हकमा ..... उमेर, गर्भावस्था, वैवाहिक स्थिति, यौनजन्य व्यवहारको ... आधारमा समेत भेदभाव गर्न नपाइने,
- सन्तानको जन्म दिने वा नदिने सम्बन्धमा निर्णयको अधिकार महिलामा हुनुपर्ने ।

विभिन्न देशका संवैधानिक व्यवस्था एंव स्थापित सिद्धान्तहरूको आधारमा आगामी संविधानमा हुनुपर्ने प्रजनन् तथा यौनिकताको अधिकारका सम्बन्धमा नमूना ढाँचा प्रस्तावित गरिएको छ ।

## मौलिक हक

**अविभेदको हक**

राज्यले सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, उमेर, गर्भावस्था, वैवाहिक स्थिति वा यौनजन्य व्यवहार, जातजाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव गर्ने छैन ।

**प्रजनन् स्वास्थ्य र प्रजनन्सम्बन्धी हक**

(क) प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ ।

**स्पष्टिकरण** : प्रजनन् स्वास्थ्य भन्नाले सुरक्षित गर्भधारण, सुत्केरी हुने, गम्भीर यौनजन्य रोगहरूको रोकथाम तथा उपचार, गर्भपतनको अधिकार, बाझोपनको उपचार, आपतकालिन गर्भ निरोधक समानहरूको सहज उपलब्धता, परिवारको संख्या र जन्मान्तरको निर्धारण गर्ने, महिलाको यौन र प्रजनन् चक्रलाई प्रभावित पार्ने सबै किसिमका हिंसा र जबरजस्तीविरूद्धको अधिकार समावेश हुनेछ ।

(ख) प्रत्येक महिलालाई शरीरमाथिको पूर्ण अधिकार हुनेछ । प्रत्येक महिलालाई सन्तानको जन्म दिने वा नदिने कुरा सम्बन्धमा आत्मनिर्णयको अधिकार हुनेछ ।

(ग) सुत्केरी पूर्व र पश्चात उनीहरू आवश्यक हेरचाह र गरिब महिलाको लागि नि:शुल्क स्वास्थ्यको उपचारको हक हुनेछ, पौष्टिक आहार तथा सन्तुलित भोजनको लागि राज्यले विशेष व्यवस्था गर्नेछ ।

(घ) प्रत्येक महिलालाई यौन दुर्व्यवहार तथा यौन हिंसाविरूद्धको हक हुनेछ । कुनै पनि किसिमको यौन हिंसा तथा यौन दुर्व्यवहारबाट पीडित महिलाले कानूनद्वारा निर्धारित भए बमोजिमकौ क्षतिपूर्ति पाउनै हक हुनेछ ।